**नेपाल सरकार**

## अर्थ मन्त्रालय

# भन्सार विभाग

विदेशमा रोजगारी गर्न गएका र विदेशमा कुनै काम विशेषले गई फर्किने नेपाली यात्रुले भन्सार तिरी वा नतिरी ल्याउन पाउने मालवस्तुहरु मिति २०७३ साल साउन १ गते (तद्नुसार १६ जुलाई, २०१६) देखि लागू हुने गरी देहाय वमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

(क) **निम्नानुसारका मालवस्तु ल्याउन पाइन्छ र यसमा कुनै कर/शुल्क वुझाउनु पर्दैन:**

- आफूले प्रयोग गरिरहेका लुगाफाटाहरु,
- बर बिछ्यौना,
- घर गृहस्थीका पुराना सामान,
- विरामीले ल्याएका औषधी,
- सुनको गहना पचास ग्रामसम्म (तर काँचो सुन पाइदैन),
- चाँदीको गहना पाँचसय ग्रामसम्म (तर काँचो चाँदी पाइदैन),
- एक लाख रुपैयाँ मूल्यसम्मको जवाहरात जडित सुनका वा चाँदीका साथमा ल्याएको गहना गुरिया (तर काँचो सुन, चाँदी पाइदैन),
- ट्यावलेट वा ल्यापटप कम्प्यूटर एक थान,
- घडी एक थान,
- क्यामरा एक थान,
- भिडियो क्यामरा एक थान,
- सेलुलर मोवाइल फोन एक थान,
- पेन ड्राइभ एक थान,
- बच्चा राख्ने पेराम्बुलेटर एक थान,
- ट्राइसाइकल एक थान,
- पेशागत यात्रुको सामान्य प्रकारका सामान एक थान,
- सात किलोसम्म खाद्य परिकार,
- मदिरा एक लिटरसम्मको एक वोतल,
- वैदेशिक रोजगारमा गई कम्तीमा लगातार वाह्र महिना काम गरी आउनेको हकमा बत्तीस इन्चीसम्मको जुनसुकै व्राण्डको टेलिभिजन एक थान ।

(ख) **तल उल्लेख गरिएका व्यक्तिगत प्रयोजनका मालवस्तुमा एकमुष्ठ चालीस प्रतिशत महसुल वुझाएर ल्याउन पाइन्छ:**

- म्यूजिक सिष्टम एक सेट,
- रेफ्रिजरेटर एक थान,
- वासिङ्ग मेशिन एक थान,
- पंखा एक थान,
- रेडियो एक थान,
- लुगाफाटा, जुत्ता, कस्मेटिक्स आदि बढीमा पन्ध्र थान,
- घरायसी प्रयोगका सामान्य किसिमका उपकरण (जस्तैः मिक्सर, जुसर, सिलाई मेशिन, ग्याँस टेबुल, इस्त्री, राइस कुकर जस्ता) दुई/दुई थान,
- दश किलोग्राम सम्म खाद्य परिकार,
- व्यवसायिक पेशाका डाक्टर, इन्जिनियर जस्ता यात्रुको दक्षता वृद्धिको लागि आवश्यक पर्ने सामान दुई/दुई थान,
- माथि लेखिए वाहेकका नितान्त घर व्यवहारमा आवश्यक पर्ने सामान बढीमा दुई/दुई थान ।
- चुरोट दुइसय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म ।
- साइज अनुसार प्रति इन्चीका आधारमा महसुल वुझाई ल्याउन पाउने टेलिभिजन एक थान । (माथि खण्ड (क) मा उल्लेख भए अनुसार महसुल छुट सुविधामा बत्तीस इन्ची सम्मको टेलिभिजन ल्याएमा पुनः यस खण्ड बमोजिम अर्को टेलिभिजन महसुल वुझाउने गरी पनि ल्याउन पाइदैन),

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भएभन्दा बढी संख्यामा त्यस्ता सामान ल्याएमा वा ती खण्डहरुमा उल्लेख नभएका अन्य सामान साथमा ल्याएमा त्यस्तो सामान भन्सार अधिकृतले जफत गर्न सक्नेछ ।

यस सम्बन्धमा कुनै जिज्ञासा वा भन्सार जाँचपासको क्रममा कुनै शिकायत, हैरानी वा झन्झट भएमा निम्न नम्वरमा सम्पर्क गर्न सकिने छ ।

**भन्सार विभागका महानिर्देशक : ०१-४२५९७९३**
**सेवाग्राही सेवाकक्षः १६६००१२१२२३/०१-४२५९८६१**
**मोवाइल नं. ९८४१४२२५८८/९८५११०६४२०**
**इमेलः csd@customs.gov.np**
**त्रिभुवन विमानस्थल भन्सार कार्यालयः ०१-४४७०३८२**